# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १ मितिः २०८१/०६/१४

भाग – २


# नागरिक स्वास्थ्य विमा कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८१

**परिचय :** यस रुपा गाउँपालिका कास्कीले नेपाल अधिराज्यको सम्विधान २०७१ मा स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको विषयलाई मध्यनजर गरी यस पालिका अन्तर्गतका जनताहहरुको स्वस्थ्य सेवामा सहज पहुँचमा ल्याउन वाञ्छनिय भएकोले यस पालिकामा स्वास्थ्य विमा कार्यक्रम संचालनका लगि तपसिल अनुसारको कार्य विधि २०८१।०६।०७ गतेको कार्यपालिकाले तयार परेको छ ।

१) आ व २०८१।०८२ मा रुपा गाउँपालिका अन्तर्गतका सम्पूर्ण परिवार (जनताहरुलाई) स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गरिने छ ।

२) रुपा गाउँपालिकाद्धारा संचालित रुपाकोट अस्पताललाई स्वास्थ्य विमा अन्तर्गतको स्वास्थ्य सेबाको लागि पहिलो सम्पर्क विन्दुको रुपमा विकास गरि स्वाथ्य विमा कार्यक्रम संचालन गरिने छ ।

३) स्वास्थ्य विमा कार्यक्रम संचालनको लागि आवश्यक जनशक्ति र अनलाइन रेकर्डिङ

रिपोर्टिङको लागि आवश्यक Software र Server को व्यवस्था रुपा गाउँपालिकाले गर्ने छ ।

४) स्वास्थ्य विमा कार्यक्रममा प्रति परिवार (५ जना सम्म) ले वुझाउनु पर्ने प्रिमियमको पचास प्रतिशत गाउँपालिकाले भुक्तानी दिने छ र सो का लागि सम्बन्धित स्वास्थ्य विमा वोर्डको खातामा अग्रिम पेश्की जम्मा गर्ने व्यवस्था मिलाउने छ ।

५) यस रुपा गाउँपालिका अन्तर्गतका वडाहरुमा स्वास्थ्य विमा दर्ता सहयोगीले सम्बन्धित वडाको जनप्रतिनिधि र महिलास्वास्थ्य स्वयंसेविकाहरुको सहयोगमा पहिलो पटक घरघरमा गई स्वास्थ्य विमाको लागि दर्ता अभियान संचलन गरिने छ ।

६) स्वास्थ्य विमा कार्यक्रमका लगि विनियोजित (रकम रु २५ लाख) अपुग भएमा आवश्यक रकम गाउँपालिकाले व्यवस्था गर्ने छ ।

७) अति गरिव परिवारको लागि स्वास्थ्य विमा कार्यक्रमको लागि आवश्यक (शतप्रतिशत) प्रियम रकम गाउँपालिकाले व्यहोर्ने छ ।

८) स्वास्थ्य विमा कार्यक्रमको प्राविधिक रुपमा संचालन र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी रुपाकोट अस्पतालको हुने छ ।

९) स्वासथ्य विमा कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१०) स्वास्थ्य विमा कार्यक्रमको प्रगती समिक्षा मासिक रुपमा गरिने छ यसको लागि रुपाकोट अस्पतालले प्रमुख भूमिका खेल्नु पर्ने छ ।

११) स्वास्थ्य विमा कार्यक्रम संचलन र व्यवस्थपनका लागि पालिका स्तरमा तपसिल अनुसारको समिति गठन गरिने छ ।

तपसिल

- संयोजक : अध्यक्ष रुपा गाउँपालिका
- सदस्य : रुपाकोट अस्पताल व्यवस्थापन समिति अध्यक्ष
- सदस्य : प्रमुख प्रशासकिय अधिकृत रुपा गाउँपालिका

- सदस्य : प्रमुख रुपाकोट अस्पताल
- सदस्य : वडा अध्यक्ष रुपा गाउँपालिका वडा न ६
- सदस्य : लेखा शाखा प्रमुख / प्रतिनिधि
- सदस्य सचिव : स्वास्थ्य शाखा प्रमुख

१२) यो स्वास्थ्य विमा कार्यक्रम संचलन तथा व्यवस्थापन समितिको निर्णय वमोजिम यो कार्यविधि आवश्यकता अनुसार संसोधन गर्न सकिने छ ।

१३) यो कार्यविधि २०८१ साउन १ गते देखि २०८२ असार मसान्त सम्म लागु हुने छ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत